# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ३) मुसिकोट,गुल्मी, भाद्र १० गते,२०७६ साल (संख्याः ९

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## नगर करार शिक्षक छनौट कार्यविधि २०७६

नगरभित्र रहेका सामुदायिक विद्यालयहरुमा निम्नमाध्यमिक र माध्यमिक तहका नगर करार शिक्षक दरबन्दी वितरण तथा नगर करार शिक्षक छनौट गर्नको लागि मुसिकोट नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम १०६ वमोजिम नगर कार्यपालिकाले बनाएको देहायको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# नगर करार शिक्षक छनौट कार्यविधि २०७६

प्रस्तावना

यस नगरभित्र रहेका सामुदायिक विद्यालयहरुमा निम्नमाध्यमिक र माध्यमिक तहका नगर करार शिक्षक दरबन्दी वितरण तथा नगर करार शिक्षक छनौट गर्नको लागि मुसिकोट नगरपालिका शिक्षा नियमावली २०७४ को नियम १०६ अनुसार मुसिकोट नगरकार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम नगर करार शिक्षक छनोट कार्यविधि २०७६ रहेको छ ।

(२) यो कार्यविधि तुरून्त लागु हुनेछ ।

**२.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "नियमावली " भन्नाले मुसिकोट नगरपालिका "शिक्षा नियमावली, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले मुसिकोट नगरपालिका कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) " समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको समिति सम्झनु पर्दछ।

(घ) "नगर करार शिक्षक" भन्नाले नगरपालिकाले अस्थायी रूपमा श्रृजना गरेको करार शिक्षकको दरवन्दीमा रहेका शिक्षक सम्झनु पर्छ।

**३. नगर करार शिक्षक अनुदान**

मुसिकोट राजपत्र

(१) नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा निम्न माध्यमिक तह र माध्यमिक तहमा स्वीकृत दरबन्दी शून्य भएका विद्यालयहरुमा क्रमशः निम्न माध्यमिक र माध्यमिक तहको एक÷एक जना नगर करार शिक्षक अनुदान दिइनेछ ।

(२) नगर करार शिक्षकको पारिश्रमिक अनुदान निम्न दरमा दिइनेछ :

(क) निम्न माध्यमिक तह : प्रति महिना रु. १८,०००।–

(ख) माध्यमिक तह ( ९ –१० ) : प्रति महिना रु.२२,५००।–

(ग) माध्यमिक तह ( ९ –१२ ) : प्रति महिना रु. ३०,०००।–

(३) नगर करार शिक्षकको तलब भत्ता दफा उपदफा (२) मा तोकिए बमोजिम एक आर्थिक वर्षमा तेह्र महिनाको अनुदान दिइनेछ ।

(४) नगर करार शिक्षकको अवधि ६ (छ) महिनाको हुनेछ ।

(५) माध्यमिक र निम्न माध्यमिक तहमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा अनिवार्य विज्ञान वा गणित वा अंग्रेजी वा कम्प्युटर विषयको नगर करार शिक्षक छनौट गर्नुपर्नेछ ।

तर ती विषयका उम्मेदवारले दोस्रो पटकसम्म विज्ञापन गर्दा पनि दरखास्त दिन नआएमा सम्बन्धित विद्यालयमा उपदफा (२) बमोजिमको रकम एकमुष्ठ अनुदान दिईनेछ ।

**४. नगर करार शिक्षकका लागि अवस्यक योग्यता**

(१) शैक्षिक योग्यता

- निम्न माध्यमिक तह : सम्बन्धित विषयमा १०+२ वा सो सरह
- माध्यमिक तह ( ९–१०) : सम्बन्धित विषयमा स्नातक
- माध्यमिक तह ( ९–१२) : सम्बन्धित विषयमा स्नातकोत्तर

(२) उमेरको हद :

सम्बन्धित विद्यालयमा कार्यरत शिक्षक उम्मेद्वारको हकमा १८ वर्ष पूरा भई ५० वर्ष ननाघेको र अन्यको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**५. नगर करार शिक्षक छनौट प्रक्रिया** :

(१) शिक्षकको माग संकलन : विद्यालय व्यवस्थापन समितिबाट तह, विषय र शिक्षक संख्या खुलाई प्राप्त भएको मागको विश्लेषण गर्नुपर्नेछ ।

(२) प्रतिस्पर्धाका लागि राष्ट्रिय वा स्थानीय स्तरको पत्र पत्रिका वा एफ.एम., वडा कार्यालय, नगरपालिका र विद्यालयमा दरबन्दी तोकिएको भए सम्बन्धित विद्यालयमा १५ दिने सूचना प्रकाशित गर्नुपर्नेछ ।

(३) प्रकाशित सूचना बमोजिम पर्न आएका दरखास्त उपर छानबिन गरी योग्य उम्मेदवारहरुलाई लिखित परीक्षामा प्रतिस्पर्धा गराउनु पर्नेछ ।

**६. लिखित प्रतिस्पर्धा गराउदा अवलम्बन गर्नुपर्ने विधि** :

प्रश्न पत्र निर्माण मुसिकोट नगरपालिका शिक्षा नियमावली २०७४ को नियम ५४ को उपनियम २ बमोजिम विशेषज्ञहरुको रोष्टरबाट निर्मित प्रश्न पत्र भण्डार (Question Bank) तयार गरी उक्त भण्डारबाट प्रश्नहरुको छनौट गरी वा प्रश्न पत्र भण्डार नभएको बखतमा परीक्षा केन्द्रमा तत्काल सम्बन्धित विज्ञबाट प्रश्न निर्माण गराई लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

**७. प्रश्नपत्र छनौट विधि** : देहायका तीन सदस्यीय समितिबाट प्रश्नपत्र भण्डारबाट गोला प्रथा विधिद्वारा प्रश्न पत्र छनौट गर्नुपर्नेछ ।

(क) शिक्षक तथा कर्मचारी छनौट समितिका अध्यक्ष – संयोजक

(ख) नगर शिक्षा अधिकृत –सदस्य

(ग) छनौट समितिले तोकेको छनौट समितिको एक जना सदस्य –सदस्य

**८. परीक्षाको किसिम–**

(१) लिखित– १०० पूर्णाङ्क

(२) अन्तर्वार्ता– १८ पूर्णाङ्क

**९. पाठ्यक्रम र अङ्कन**

लिखित परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ र अन्तर्वार्ताका लागि छुटयाइएको अंक निम्न बमोजिम हुनेछ ।

(क) सेवा प्रवेशको लागि प्रति वर्ष एक अङ्कका दरले बढीमा ५ अङ्क,

(ख) शैक्षिक योग्यता मध्ये प्रथम श्रेणीको ३ अङ्क द्बितीय श्रेणीको २ अङ्क र तृतीय श्रेणीको १ अङ्क तथा श्रेणी नखुलेको हकमा द्बितीय श्रेणी बराबरको २ अङ्क ।

(ग) अन्तर्वार्ताको बाँकी १० अङ्क मध्ये अवलोकनबाट अङ्क प्रदान गर्ने

- व्यक्तित्वका लागि बढिमा – २
- आत्मविश्वासका लागि बढिमा – २.५
- प्रस्तुतीकरणका लागि बढिमा – २.५
- विषयवस्तुको ज्ञानको लागि बढिमा ३

(अङ्क दिदा ७ भन्दा बढी र ३.५ भन्दा कमी दिन परेमा किन त्यसो गर्नु परेको हो, स्पष्ट रुपमा खुलाउनु पर्ने)

**१०. लिखित परीक्षाको परीक्षाफल प्रकाशन :**



मुसिकोट राजपत्र

(१) छनौट समितिले लिखित परीक्षा अधिकतम अङ्क ल्याउने उम्मेदवारहरु मध्ये आवश्यक संख्या थप २ जनाको नाम वर्णानुक्रमका आधारमा नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) लिखित परीक्षाको नतिजा अन्तर्वार्ता सम्पन्न नहुन्जेल सम्म छनौट समितिको संयोजक वा उक्त संयोजकले तोकेको समिति सदस्यले जिम्मा लिई गोप्य रुपमा राख्ने व्यवस्था मिलाउनेछ ।

**११. उत्तर पुस्तिका परीक्षण गर्ने सम्बन्धी विधि :**

(क) शिक्षक तथा कर्मचारी छनौट समितिद्वारा संचालित परीक्षाका उत्तर पुस्तिका परीक्षण शिक्षा नियमावलीको ५४ (२) बमोजिमको विशेषज्ञसूचीका व्यक्तिहरुमध्येबाट गोला प्रथाद्धारा छनौट भएका व्यक्तिहरुबाट गर्नुपर्नेछ ।

(ख) विशेषज्ञको छनौट समितिद्वारा गर्नुपर्नेछ ।

(ग) उत्तर पुस्तिका जाँचकीले उत्तरकुन्जिका निर्माण गरी त्यसैको आधारमा उत्तर पुस्तिका परीक्षण गर्नुपर्ने छ ।

**१२ कोडिङ्ग/डिकोडिङ्ग सम्बन्धि विधि** :

छनौट समितिको संयोजक वा निजले अधिकार दिएको छनौट समितिको सदस्यले उत्तर पुस्तिकाको कोडिङ्ग/डिकोडिङ्ग गर्नुपर्नेछ ।

**१२ अन्तिम नतिजा प्रकाशन** :

छनौट समितिले लिखित र अन्तर्वार्तामा अधिकतम अङ्क ल्याउने उम्मेदवारलाई छनौट समितिले प्रमुख प्रशासकीय अधिकृत समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

**१३. आचारसंहिता**

विशेषज्ञ, परीक्षार्थी र छनौट समिति विशेषज्ञ समिति परीक्षामा संलग्न सबैले देहायका आचारसंहिता पालना गर्नुपर्नेछ :

- मोबाईल लैजान नहुने ।
- हात हतियार तथा धारिलो वस्तु लैजान नहुने ।
- शिष्ट र नम्र व्यवहार गर्नुपर्ने ।
- होहल्ला गर्न नपाईने ।
- परीक्षाका आवश्यक गोपनियता कायम गर्ने ।

**१४. परीक्षा अनुगमन :**

प्रश्न पत्र निर्माण, परीक्षा सञ्चालन र उत्तर पुस्तिका परीक्षण कार्यको सघन अनुगमन गर्ने व्यवस्था शिक्षक तथा कर्मचारी छनौट समितिले मिलाउने छ ।

१६. **संसोधन र लागु:** (१) यो कार्यविधिलाइ कार्यपालिकाले अवस्यक संसोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा उल्लेख गरिएका कुरामा यसै बमोजिम र अन्य ब्यवस्था मुसिकोट नगरपालिकाको शिक्षा नियमावली अनुसार हुनेछ ।

प्रमाणिकरण मिति : २०७६।०५।१०

आज्ञाले,
नवराज भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**मूल्य रू १०**

मुसिकोट राजपत्र